**अख्तियार दुरुपयोग अनुसन्धान आयोग**
**टंगाल, काठमाडौं**

मितिः २०८०/११/२० गते।

**प्रेस विज्ञप्ति**

**श्री प्रधान सम्पादकज्यू/ सम्पादकज्यू,**

**विषय :- आरोपपत्र दायर गरिएको ।**

---------------------------------------

नापी कार्यालय, कलंकी, काठमाडौंमा कार्यरत सर्भेक्षक लक्ष्मी प्रसाद चौलागाई र राजधानी लेखापढी सेवाका लेखापढी काम गर्ने नेत्र बहादुर पोखरेलले जग्गा हालसाविक एवं कित्ताकाट गरी पूर्जा उपलब्ध गराइदिने प्रयोजनार्थ सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरी निवेदनका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगालबाट खटिई गएको टोलीले सर्भेक्षक लक्ष्मी प्रसाद चौलागाई र लेखापढी काम गर्ने नेत्र बहादुर पोखरेललाई सेवाग्राहीबाट रु.१,००,०००।– (एक लाख रुपैयाँ) घुस/रिसवत लिइसकेको अवस्थामा नियन्त्रणमा लिइएको थियो।

अनुसन्धानको सिलसिलामा नापी कार्यालय, कलंकीका सर्भेक्षक लक्ष्मी प्रसाद चौलागाई र लेखापढी काम गर्ने नेत्र बहादुर पोखरेलसमेतको मिलेमतोमा निज नेत्र बहादुर पोखरेलले जग्गा हालसाविक एवं कित्ताकाटसमेत गरी जग्गाधनी पूर्जा उपलब्ध गराउनको लागि सेवाग्राहीसँग रु.१,००,०००।— (एक लाख रुपैयाँ) घुस/रिसवत माग गरी घुस रकम रु.१,००,०००।— लिएको र उक्त रकममध्ये सर्भेक्षक लक्ष्मी प्रसाद चौलागाईले जग्गा हालसाविकको काम गरेवापत रु.५०,०००।—घुस/रिसवत लिएको देखिएकोले निज लक्ष्मी प्रसाद चौलागाईलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरमा बिगो रु.५०,०००।— (पचास हजार रुपैयाँ) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (ख) बमोजिम कैद सजाय गरी सोही ऐनको दफा ३ को उपदफा (१) अनुसार बिगो बमोजिम जरिवाना सजायसमेत हुन मागदाबी लिइएको छ।

साथै प्रतिवादी नेत्र बहादुर पोखरेलले सेवाग्राहीसँग जग्गा हालसाविक एवं कित्ताकाट समेत गरी जग्गाधनी पूर्जा उपलब्ध गराउनको लागि भनी जम्मा रु.१,००,०००।—घुस/रिसवत माग गरी लिएकोमध्ये रु.५०,०००।— लक्ष्मी प्रसाद चौलागाईबाट र निजको साथबाट रकम रु.५०,०००।—बरामद भएकोले निज नेत्र बहादुर पोखरेललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (२) बमोजिमको कसुरमा बिगो रु.१,००,०००।— (एक लाख रुपैयाँ) कायम गरी सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम कैद गरी सोही ऐनको दफा ३ को उपदफा (१) अनुसार बिगो बमोजिम जरिवाना समेत हुन मागदाबी लिई आज विशेष अदालत,काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता
नरहरि घिमिरे